# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०८।२९ गते।

# प्रेस विज्ञप्ति

विषय: **अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त प्रेम कुमार राईद्वारा भ्रष्टाचार विरुद्दको संयुक्त राष्ट्रसङ्घीय महासन्धिका पक्ष राष्ट्रहरुको दशौं सम्मेलनलाई सम्बोधन।**

संयुक्त राज्य अमेरिकाको एटलान्टा शहरमा मिति २०८०।०८।२५ देखि २०८०।०८।२९ गते (तदनुसार २०२३ डिसेम्बर ११ देखि १५) सम्म सञ्चालन भैरहेको भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंङ्घीय महासन्धिका पक्ष राष्ट्रहरुको दशौं सम्मेलनको अवसरमा नेपालको प्रतिनिधि मण्डलका प्रमुख तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राईले नेपालको तर्फबाट कार्यक्रमलाई सम्बोधन गर्दै आफ्नो मन्तव्य प्रस्तुत गर्नु भयो।

कार्यक्रममा बोल्दै माननीय प्रमुख आयुक्तले भ्रष्टाचार एउटा गम्भिर अपराध भएको र यसले विकासलाई कमजोर बनाउँदै सरकार प्रतिको विश्वसनीयता घटाउने बताउनु भयो।उक्त सम्मेलन भ्रष्टाचार विरुद्ध लड्न राज्यहरूको सामुहिक संकल्पको सङ्केत गर्ने महत्त्वपूर्ण क्षण भएको बताउनु भयो।सोही अवसरमा बोल्दै माननीय प्रमुख आयुक्तले नेपाल भ्रष्टाचार नियन्त्रणको लागि दृढसंङ्कल्पित रहेको र यस विरुद्ध शून्य सहनशिलताको नीति अवलम्बन गरेको उल्लेख गर्दै भ्रष्टाचार नियन्त्रणको लागि प्रवर्द्धनात्मक एवं दण्डात्मक उपायहरु अवलम्बन गरिएको बताउनु भयो।भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंङ्घीय महासन्धिका प्रावधानहरु कार्यान्वयन गर्न नेपालले महत्त्वपूर्ण विधायिकी र संस्थागत कदमहरू चालेको कुरा बताउन पाउँदा आफू धेरै खुसी भएको उल्लेख गर्नु भयो।

कार्यक्रमलाई सम्वोधन गर्दै माननीय प्रमुख आयुक्तले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंङ्घीय महासन्धि कार्यान्वयनको लागि सम्पर्क संस्था (Focal Agency) को रुपमा तोकिएको र महासन्धिका प्रावधानहरु कार्यान्वयनका लागि राष्ट्रिय रणनीति तथा कार्ययोजना तयार गरिएको कुरा सम्मेलनमा जानकारी गराउनु भयो।

माननीय प्रमुख आयुक्तले नेपालको संविधानले भ्रष्टाचारका मुद्दाहरूको अनुसन्धान र अभियोजन गर्ने संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना गरेको बताउनु हुँदै

सार्वजनिक पदाधिकारीहरू बीच निष्ठा कायम गर्न आयोग प्रतिबद्ध रहेको र आयोगको प्रयासको फलस्वरूप भ्रष्टाचार नियन्त्रणमा उल्लेखनीय प्रगति गरेको बताउनु भयो।

भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंङ्घीय महासन्धिको प्रभावकारी कार्यान्वयनको लागि कानूनको कार्यान्वयन र न्यायिक सहयोगलाई बलियो बनाउन, सार्वजनिक र निजी क्षेत्रहरूमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न र राज्यहरू बीच आपसी सहयोग संयन्त्र स्थापना गर्न प्रयासरत रहेको कुरा समेत सम्मेलनमा जानकारी गराउनु भयो।

भष्टाचार नियन्त्रणको क्षेत्रमा हाले वर्षहरुमा सुधार भएता पनि नेपालले भ्रष्टाचार विरुद्धको लडाईमा धेरै संरचनात्मक चुनौतीहरूको सामना गरिरहेको छ।भ्रष्टाचार सामाजिक, राजनीतिक र कानुनी संरचनामा गहिरोसँग जरा गाडिएकोले यसको दिगो सफलताको लागि यी अन्तर्निहित कारकहरूलाई सम्बोधन गर्न महत्त्वपूर्ण रहेको माननीय प्रमुख आयुक्तले बताउनु भयो।साथै, वहाँले यी चुनौतीका बाबजुद अख्तियार दुरुपयोग अनुसन्धान आयोग संवैधानिक दायित्व र कार्यादिशलाई जिम्मेवार र पारदर्शी रूपमा कार्यान्वयन गर्न प्रतिबद्ध रहेको कुरामा जोड दिनु भयो।

भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंङ्घीय महासन्धिको कार्यान्वयन गर्न र यसका उद्देश्यहरु प्राप्त गर्न नेपालले आगामी दिनमा समेत पक्ष राष्ट्रहरुसँगको सहयोगी प्रयासहरूको उत्सुकतापूर्वक अपेक्षा गर्दछ भन्नु भयो।

सम्मेलनको सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दै माननीय प्रमुख आयुक्त प्रेम कुमार राईले यस्तो महत्वपूर्ण सम्मेलन आयोजना गरेकोमा संयुक्त राज्य अमेरिकाको सरकार र लागुऔषध तथा अपराधसम्बन्धी संयुक्त राष्ट्र संघको कार्यालयलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो।

प्रवक्ता
नरहरि घिमिरे